# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर,नवलपरासी(बर्दघाट,सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल


## कवाडी निकासी कर संकलनको लागि बोलपत्र आव्हानको सूचना

**पटक प्रकाशित मितिः- २०८०/०३/२७**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ अनुसार देवचुली नगरपालिकाको क्षेत्र भित्र उत्सर्जन भई संकलन भएका कवाडी मालसमान निकासी करको लागि आर्थिक वर्ष ८०।८१ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक **(मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० सम्मको फर्म नवीकरण, आ.व. २०७८/७९ को आयकर चुक्ता प्रमाण पत्र)** भएका फर्म/कम्पनीबाट देहायको समयभित्र https://bolpatra.gov.np/egp मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन् सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| सि. नं . | सुचना नं / बोलपत्र नं . | बोलपत्रको नाम | न्युनतम बोलपत्र रकम ( सेवा शुल्क र मु .अ . कर बाहेक ) | धरौटी रकम | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी ) |
|---|---|---|---|---|---|
| ०१ | DEV/NCB/GOODS/07/2079/080 | नगरपालिका क्षेत्र भित्र उत्सर्जन भई निकासी हुने कवाडजन्य सामानको निकासी कर संकलन | रु २४,००,०००। | रु ६७२०० | रु ३०००.०० |

### बोलपत्र सम्बन्धी शर्तहरु

१. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको ३० औ दिन सम्म वोलपत्र खरिद गरी यस कार्यालयको दलदले स्थित NIC ASIA बैङ्कमा रहेको राजश्व खातामा रु.३००० (फिर्ता नहुने गरि) जम्मा गरि गरी ३१ औ दिनको १२ वजे भित्र यस कार्यालयमा ई-वोलपत्र https://bolpatra.gov.np/egp मार्फत बुझाउनु पर्नेछ, ३१ औं दिन सम्म प्राप्त वोलपत्रहरु सोही दिन १ वजे वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ, वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि कार्यलय प्रतिनिधिको रोहवरमा वोलपत्र खोल्न बाधा पर्नेछैन।

२. बोलपत्र फारम पेश गर्दा स्व-घोषणा सहित **मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० सम्मको फर्म नवीकरण, आ.व. २०७८/७९ को आयकर चुक्ता प्रमाण पत्र,**, फारम खरिद गरेको **भौचरको** स्क्यान प्रति पेश गर्नु पर्नेछ।

३. बोलपत्र फारम भरी पेश गर्दा आँफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट लेखि धरौटी रकम यस कार्यालयको दलदले स्थित NIC ASIA बैङ्कमा धरौटी खातामा रकम जम्मा गरेको सक्कल बैङ्क भौचर वा मान्यता

प्राप्त क बर्गको वाणिज्य बैङ्कले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैङ्क बोलपत्र जमानतपत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ। कबोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

<u>बैक खाता सम्बन्धि जानाकारी</u>

वैकको नामः- NIC ASIA दलदले शाखा

कार्यालयको नामः- देवचुली नगरपलिका कार्यालय, नगरकार्यपालिकाको कार्यालय, कार्यलय कोडः- ८०४४६४०२

कार्यालयको खाता नं. ३३५०१००३०४०१०००२ ग-४-१ ( फारम दस्तुरको लागि)

३३५०१००३०३००००२ ग-३ (धरौटी रकमको लागि )

४. यस पूर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन तर बोलपत्र पेश गर्नुभन्दा पहिले फरफारक गरेमा बोलपत्र पेश गर्नमा कुनै बाधा पर्ने छैन।

५. कुल सम्झौता रकमको अंक बराबरको रकम यस नगरपालिकाको खातामा दाखिला भएपछीमात्र सम्झौता गरिने छ। ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई समायोजन गर्न पाइने छैन।

६. ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.क. (VAT) १३% र अग्रिम आयकर (TDS) बापतको १.५ % रकम थप गरी कुल सम्झौता रकम कायम गरिने छ । **स्पष्टिकरण : स्वीकृत अंक भन्नाले मु.अ.क. र अग्रिम आयकर बाहेकको रकमलाई बुझ्नुपर्दछ, सम्झौता अंक भन्नाले कबोल अंक ,मु.अ.क. (१३%) र अग्रिम आयकर (१.५%) को जोड जम्मा रकमलाई बुझ्नु पर्दछ ।**

<u>भुक्तानी तालिका</u>

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. | कैफियत |
|---|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र (सम्झौता अगाबै ) | कबोल अंकको ५० प्रतिशतले हुन आउने रकम र कबोल रकम सबैको नियमानुसार लाग्ने कर बाँकी रकमको बैंक ग्यारेन्टी | बोलपत्र पेश गर्दाको बखत राखिएको धरौटी रकम समायोजन नहुने गरि |
| अन्तिम | २०८० पुष मसान्त भित्र | बाँकी रकम सबै | |

७. कुनै शर्त राखि पेश गरेको, हुलाकमार्फत पठाएको र रित नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन।

८. पेश भएका बोलपत्र कारण खुलाई वा नखुलाई स्विकृत गर्ने वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

९. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त वोलपत्र साथ संलग्न गरिएको ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदाहरु र ठेक्का स्विकृती पश्चात सम्झौता उल्लेख गरिने शर्तहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

१०. यस सूचना तथा वोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका वोलपत्रहरु मूल्यांङ्कनमा समावेश गरिने छैन ।

११. अन्य कुराहरु प्रचलित ऐन कानून तथा कार्यविधि बमोजिम हुनेछ ।

२०८०।८।२६

जीवलाल श्रेष्ठ

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र सम्बन्धि अन्य सर्तहरु

१. ठेक्काबोल कबोल गर्ने ठेकदारले नगरपालिकाको कार्यालयले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाईएमा नियमानुसार कारबाही गरिने छ ।

२. माथि सर्त नं. १ मा उल्लेख गरिएका रसिद नगरपालिकामा बुझाउनुपर्ने छ ।

३. ठेकेदारले उठाउने कर शुल्क नगरपालिकाले तोकेको दररेटमा नै उठाउनुपर्ने छ साथै कर संकलन केन्द्रमा साईन बोर्ड लेखि राख्नु पर्नेछ ।

४. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनुपर्ने छ । अन्तिम किस्ता समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिने छ र त्यस्तो परिस्थितिमा ठेकेदारले कुनै पनि किसिमको क्षतिपूर्तिको दाबि गर्न पाउनु छैन।

५. प्रचलित कानुन, नगरपलिकाले तोके बिपरित कार्यगरेमा कार्यलयलाई ठेक्का तोड्न कुनै बाधा पर्ने छैन । त्यस्ता कार्यबाट सिर्जित सम्पूर्ण दायित्वहरुको क्षतिपुर्ति स्वयम् ठेकेदारको हुनेछ साथै क्षतिपुर्ति सरकारी बाँकी सरह असुलउपर गरिने छ ।

६. अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

२०८०/३/२६
जीवलाल श्रेष्ठ
अधिकृतस्तर आठौं तह